# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, कात्तिक १ गते २०५० साल (पूर्वातिरिक्ताङ्क ३९ (क)

## भाग ४

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकार (मं.प.) को मिति २०५०।५।२८ को निर्णयानुसार भन्सार विभाग अन्तर्गत हाल कायम रहेका २७ वटा भन्सार कार्यालयहरूलाई २९ वटा र १४७ वटा छोटी भन्सार कार्यालयहरूलाई १४३ वटा कायम गरिएको र केही भन्सार कार्यालयहरू र छोटी भन्सार कार्यालयहरू देहायबमोजिम कायम गरिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. हाल विराटनगर भन्सार कार्यालय अन्तर्गत रहेको सेतुवन्ध छोटी भन्सार कार्यालयलाई मूल भन्सार कार्यालयमा परिणत गरी सुनसरी भन्सार कार्यालय, सेतुवन्ध नामाकरण गरिएको र उक्त भन्सार कार्यालयको कार्यक्षेत्रमा साबिक बिराटनगर मूल भन्सार कार्यालयको छोटी भन्सार कार्यालयको रूपमा रहेका सुनसरी जिल्ला भित्रका भण्टाबारी, साहेबगन्ज, कोवाखोज, घुस्की, शिशुवा, लोकही र लाहीलाई समावेश गरिएको छ ।

२. हाल जलेश्वर भन्सार कार्यालय अन्तर्गत रहेका जनकपुर छोटी भन्सार कार्यालयलाई भन्सार कार्यालयमा परिणत गरी जनकपुर भन्सार कार्यालय नामाकरण गरिएको र हाल जलेश्वर भन्सार कार्यालयको मातहतमा रहेका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धनुषा जिल्ला भित्रका इनरूवा, खजुरी मौवा, महिनाथपुर, कठाल, बैदेही, लग्मा, खजुरी स्टेशन र भडरियालाई जनकपुर भन्सार कार्यालय अन्तर्गतको छोटी भन्सार कार्यालय कायम गरिएको छ ।

३. वीरगन्ज भन्सार कार्यालय अन्तर्गतको रक्सौल साइडिङ्ग र स्टेशन छोटी नामक छोटी भन्सार कार्यालयहरूलाई वीरगन्ज भन्सार कार्यालयमा एकीकृत गरिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत (उपसचिव)



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।